मिति २०७४।११।२८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार माननीय विष्णु रिमालज्यूको अध्यक्षतामा विशिष्ठ पदाधिकारीहरूको समुपस्थितीमा काठमाण्डौ उपत्यकाको सडक विस्तार, खानेपानी तथा धुँवाधुलो र प्रदूषणको अवस्था र सुधार सम्वन्धमा राखिएको बैठकका निर्णयहरू :

| सि.नं. | निर्णय | निर्णय कार्यान्वयन गर्ने मुख्य निकाय | सहयोगी निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय | पेश गर्ने समय |
|---|---|---|---|---|---|
| १. | समन्वय नभएर काम सम्पन्न हुन नसकेका ठाउं र परियोजनाहरूको तत्काल पहिचान गरी अर्को बैठकमा पेश गर्ने । | भौतिक पूर्वाधार तथा यातायात/जलस्रोत तथा उर्जा/ सूचना तथा सञ्चार प्रविधि मन्त्रालय/खानेपानी तथा सहरी विकास मन्त्रालय | दुरसंचार प्राधिकरण/ विद्युत प्राधिकरण | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एक साता भित्र |
| २. | सम्मानित सर्वोच्च अदालतले जारी गरेका रिट आदेश कहाँ कहाँ र कुन आयोजनामा हुन् सोको स्पस्ट विवरण तयार गर्ने । आदेश भएका स्थानमा तत्काल के वैकल्पिक उपाय लागु गर्न सकिन्छ, पहिचान गर्ने । | सडक विभाग | सर्वोच्च अदालत/ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एक साता भित्र |
| ३. | ठेकेदारका कारणले काम नभएका, ढिला भएका परियोजना र स्थान कुन कुन हुन् पहिचान गर्ने । काम नगर्ने ठेकेदार र क्रम्पनीको सूची तयार गरी आवश्यक कारवाहीका लागि प्रक्रिया अघि बढाउने । | सडक विभाग / खानेपानी विभाग/मेलम्ची आयोजना/दुरसंचार प्राधिकरण /विद्युत प्राधिकरण | भौतिक पूर्वाधार तथा यातायात/ खानेपानी तथा सहरी विकास/ सूचना तथा सञ्चार प्रविधि/ जलस्रोत तथा उर्जा /महानगरपालिकाहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एक साता भित्र |
| ४. | सडक विस्तारका लागि आवश्यक पर्ने तथा वातावरण प्रदूषण नियन्त्रण गर्न आवश्यक पर्ने बजेट सम्बन्धित निकायले अर्थ मन्त्रालयसंग तत्काल माग गर्ने । | भौतिक पूर्वाधार तथा यातायात/विद्युत प्राधिकरण/ खानेपानी तथा सहरी विकास मन्त्रालय | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एक साता भित्र |
| ५. | चावहिल-जोरपाटी-साँखु सडकमा विवाद नभएका र तत्काल कालोपत्रे गर्न सकिने ठाउंमा खण्ड-खण्ड गरी तत्कालै कालोपत्रे गर्ने र त्यहाँ | सडक विभाग | विद्युत प्राधिकरण/ खानेपानी तथा सहरी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एक साता भित्र |

| सि.नं. | निर्णय | निर्णय कार्यान्वयन गर्ने मुख्य निकाय | सहयोगी निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय | पेश गर्ने समय |
|---|---|---|---|---|---|
| | धुलो नउड्ने सुनिश्चितता गर्ने । | | विकास मन्त्रालय/टेलिकम | | |
| ६. | आयोजना कार्यान्वयन भैरहेको स्थानमा काम भैरहेकोले बाटो अवरूद्ध भएको, ढल खनिएको, तार मर्मत भएकोजस्ता सावधानीसूचक सूचना अनिवार्य रूपमा राख्न सम्वन्धित ठेकेदारलाई लगाउने । | सडक विभाग/ दुरसंचार प्राधिकरण/ खानेपानी तथा सहरी विकास/विद्युत प्राधिकरण | महानगरपालिका | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एक साता भित्र |
| ७. | वातावरणसंग सम्वन्धित तयार गरिएका मापदण्डहरूको कार्यान्वयनबारे परिणाम देखिने गरी अनुगमन गर्ने । | वन तथा वातावरण मन्त्रालय | महानगरपालिका | महानगरपालिका | निरन्तर |
| ८. | सडकमा विद्यमान अव्यवस्थित तारको व्यवस्थापन गर्न सम्बन्धित निकायले आवश्यक समन्वय गर्ने । | विद्युत प्राधिकरण/दुरसंचार प्राधिकरण | निजी केवल संचालकहरू | जलस्रोत तथा उर्जा/ भौतिक पूर्वाधार तथा यातायात/संचार मन्त्रालय | एक साता भित्र |
| ९. | ललितपुर महानगरपालिकाले पनि महानगरीय ट्राफिक प्रहरी महाशाखा र सडक विभागको समन्वयमा ट्राफिक लाईट राख्ने कार्यलाई अगाडि बढाउने । | ललितपुर महानगरपालिका/ट्राफिक प्रहरी महाशाखा/सडक विभाग | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ भौतिक पूर्वाधार तथा यातायात/गृह मन्त्रालय | तत्काल कार्य अघि बढाउने । |
| १०. | रिंग रोड सडक विस्तारका क्रममा भएका कमी कमजोरी सुधार्न सडक विभागले महानगरपालिकासंग समन्वय गर्ने । | सडक विभाग/महानगरपालिकाहरू (ललितपुर र काठमाण्डौं) | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | समन्वय कार्य तत्काल शुरु गर्न |
| ११. | क्षेत्रीय सडक निर्देशकको संयोजकत्वमा रहेको समन्वय समितिलाई थप सक्रिय बनाउने । | सडक विभाग | | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | तत्काल |
| १२. | ठूला सार्वजनिक सवारी साधन संचालन गर्नेबारेमा महानगरहरूले समन्वयात्मक रूपमा पहल गर्ने । | महानगरपालिका | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | | तत्काल |
| १३. | सडक आवागमनमा कुनैपनि बाधा अड्चन हुन नदिने । निर्माण कार्य संचालन गर्दा सडक यातायातमा अवरोध नहुने गरी मात्र संचालन गर्न लगाउने । | सडक विभाग/ महानगरपालिका/ खानेपानी तथा सहरी विकास | सम्बन्धित मन्त्रालयहरू | सम्बन्धित मन्त्रालयहरू | तत्काल |

| सि.नं. | निर्णय | निर्णय कार्यान्वयन गर्ने मुख्य निकाय | सहयोगी निकाय | अनुगमन तथा मूल्याङ्कन गर्ने निकाय | पेश गर्ने समय |
|---|---|---|---|---|---|
| | | मन्त्रालय/दुरसंचार प्राधिकरण/विद्युत प्राधिकरण | | | |
| १४. | पैदल यात्रीको सुविधाका लागि फूटपाथ खाली गराउने । कुनै पनि पनि हालतमा फुटपाथमा कुनै प्रकारको सामग्री राख्न नपाउने व्यवस्था गराउने । यस्तो भेटिए कडा से कडा कारवाही गर्ने /गराउने । | महानगरहरू /ट्राफिक प्रहरी महाशाखा | गृह मन्त्रालय /संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल |
| १५. | नयाँ बन्ने सडकहरूको डिजाइन गर्दा नै पैदलयात्री, साईकलयात्री, ठूला सार्वजनिक सवारी साधन, अपाङ्ग र दृष्टिविहिन आवागमनलाई सहज हुने गरी डिजाइन गर्ने व्यवस्था मिलाउने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय/ महानगरपालिकाहरू | राष्ट्रिय योजना आयोग/अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |

सचिव